



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत ५ गते शनिबार ❑ 19 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## अन्तर्राष्ट्रिय जगतमा नेपालको छवि र विश्वसनीयतामा वृद्धि भएको छ : प्रम देउवा

**रासस**
**काठमाडौं ४ चैत**

प्रधानमन्त्री शेरबहादुर देउवाले वर्तमान सरकार सत्तामा आएपछि अन्तर्राष्ट्रिय जगतमा नेपालको छवि र विश्वसनीयतामा उल्लेख्य वृद्धि भएको बताउनुभएको छ ।

नेपाल विश्व सम्बन्ध परिषद्को ७४औँ वार्षिकोत्सवको अवसरमा आज यहाँ आयोजित समारोहमा उहाँले नेपाल र नेपाली जनताको हित प्रवर्द्धनमा केन्द्रित भएर अन्तर ष्ट्रिय समुदायमा देशको छवि उकास्ने, सबै देशबाट अधिकतम सद्भाव, समर्थन र सहयोग प्राप्त गर्न सक्रियताका साथ अनुकूल अन्तर्राष्ट्रिय वातावरण सिर्जना गर्ने लक्ष्य राखेको धारणा व्यक्त गर्नुभयो । प्रधानमन्त्री देउवाले कोभिड-१९ ले निम्त्याएको सीमितताका बाबजुद सरकारले अन्तर्राष्ट्रिय संलग्नतालाई तीव्रता दिइरहेको उल्लेख गर्दै त्यस्ता फोरमहरूमा नेपालको सक्रिय र अर्थपूर्ण सहभागिताले हाम्रो अन्तर्राष्ट्रिय दृश्यता बढाउन मद्दत गरेको धारणा व्यक्त गर्नुभयो । यसबाट जलवायु परिवर्तन, खाद्य सुरक्षा, भ्याक्सिन समानता, लोकतन्त्र र सुशासन जस्ता विश्वव्यापी महत्वका मुद्दाहरूमा हाम्रा सिद्धान्तहरू, प्राथमिकताहरू र चासोहरूलाई आवाज उठाउने अवसर प्रदान गरेको उहाँको भनाइ थियो ।

सरकारले घोषणा गरेको साझा न्यूनतम कार्यक्रमले कार्यान्वयन गर्नुपर्ने प्रमुख प्राथमिकताहरू उल्लेख गरेको जानकारी गराउँदै उहाँले भन्नुभयो, 'राष्ट्रिय र जनताको हितको संरक्षण तथा प्रवर्द्धन सरकारको प्रमुख प्राथमिकतामा रहेको छ । साथै उच्च र समतामूलक आर्थिक विकास, सामाजिक-आर्थिक रूपान्तरणको आधारशिला निर्माण, संघीयताको कार्यान्वयन र शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नेलगायतका विषय पनि हाम्रा प्राथमिकतामा रहेका छन् ।' उहाँले पञ्चशीलका सिद्धान्त, असंलग्नता, संयुक्त राष्ट्रसंघको बडापत्र, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिका मापदण्डहरूले अन्तर्राष्ट्रिय मञ्चमा हाम्रो परराष्ट्र नीतिले मार्गदर्शन गरिरहन्छन् भन्नुभयो । 'सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको रक्षा सरकारको सर्वोच्च प्राथमिकता र दायित्व हुनेछ । वर्तमान सरकारले स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गरेको छ । हामी हाम्रो भूमि हाम्रा छिमेकी र अन्य देशहरूविरुद्ध कुनै पनि गतिविधिको लागि प्रयोग गर्न अनुमति दिँदैनौँ', उहाँले भन्नुभयो । प्रधानमन्त्री देउवाले उदार, नियममा आधारित, न्यायोचित, निष्पक्ष र सहकारी विश्वव्यापी व्यवस्थाको वकालत गर्न जारी राख्ने उल्लेख गर्दै यसले विकासशील देशहरू, विशेषगरी अतिकम विकसित देशहरूलाई विकास गर्नका लागि सक्षम बनाउने बताउनुभयो । साथै उहाँले दिगो विकास लक्ष्यहरू प्राप्त गर्न र हाम्रा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्नलगायत राष्ट्रिय विकास आकांक्षा पूरा गर्न सरकार प्रतिबद्ध रहेको जानकारी दिनुभयो । वर्तमान सरकार जतिसक्दो चाँडो मुलुकमा आर्थिक रूपान्तरण गरी जनताको जीवनस्तरमा सुधार ल्याउन पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, 'त्यसैले नेपालको कूटनीतिको मुख्य आधार आर्थिक एजेन्डाको खोजी नै हो । हामीले हाम्रा राष्ट्रिय प्राथमिकताका क्षेत्रमा थप विदेशी लगानी आकर्षित गर्ने, निर्यात व्यापार विस्तार गर्ने र पर्यटन प्रवर्द्धन गर्नेलगायतका गतिविधिहरूमार्फत हाम्रा अत्यावश्यक आर्थिक हितलाई प्रवर्द्धन गर्ने प्रयास गरेका छौँ ।'

संयुक्त राज्य अमेरिकी सहयोग (एमसीसी) अन्तर्गत अमेरिकी सरकारको ५० करोड डलर सहयोग हालै संघीय संसद् बाट स्वीकृत भएको जानकारी गराउँदै प्रधानमन्त्री देउवाले एमसिसीमाथिको छलफल र बहसलाई सूचित निर्णय गर्ने सामान्य लोकतान्त्रिक प्रक्रियाको रूपमा लिएको बताउनुभयो । अब सम्बन्धित निकायले यसलाई कार्यान्वयनमा लैजाने र आयोजनाको समयमै सम्पन्न गर्ने सुनिश्चितता गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा परिषद्का अध्यक्ष हेमन्त खरेलले कूटनीतिज्ञ, शिक्षाविद्, पेशाकर्मी, राजनीतिज्ञलगायत संलग्न रहेको परिषद्ले समसामयिक मुद्दा र अन्य सान्दर्भिक विषयहरूमा विज्ञहरूबीच अन्तरक्रियालाई सहजीकरण गर्ने कार्यमा संलग्न रहेको बताउँदै प्रधानमन्त्री देउवाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकार र चासोका विषयहरूमा नीतिगत संवादका लागि मञ्चहरू उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको उल्लेख गर्नुभयो ।

साथै उहाँले नेपालले आफ्नो लक्ष्य र राष्ट्रिय स्वार्थ प्राप्तिका लागि स्मार्ट कूटनीति सञ्चालन गर्न र द्विपक्षीय र बहुपक्षीय तहमा सहकारी साझेदारीलाई अगाडि बढाउन आवश्यक रहेकामा जोड दिनुभयो । कार्यक्रममा परराष्ट्र मन्त्री डा नारायण खड्कालगायत कूटनीतिक, शिक्षा, प्रशासनीकलगायत विविध क्षेत्रका विज्ञहरूको उपस्थिति थियो ।

## पर्यटक लिन गएको सवारी दुर्घटनामा चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
**कास्की ४ चैत**

जिल्लाको माछापुच्छ्रे गाउँपालिका-८ घलेलमा शुक्रबार स्कर्पियो दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको छ ।

दुर्घटनामा सोही गाउँपालिकाको अस्ताम निवासी ४६ वर्षीय बलबहादुर भुजेलको मृत्यु भएको प्रहरीले जनाएको छ । माछापुच्छ्रे गाउँपालिका-९ स्थित मर्दी हिमाल इको भिलेजमा दिउँसो १२ : ४५ बजे पर्यटक लिन गएको ग २ च ३९३१ नम्बरको गाडी घलेल-कालीमाटी सडक खण्डको तादी खोला पारी उकालोमा सडकबाट अन्दाजी २०० मिटर तल खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले जानकारी दिनुभयो ।

दुर्घटना लगत्तै भिँडाबारी प्रहरी चौकीबाट गएका सुरक्षाकर्मी र स्थानीयवासीले चालकको उद्धार गरेका थिए । दुर्घटनामा परेको गाडी अस्तामस्थित अन्नपूर्ण इको भिलेजको रहेको बताइन्छ । मर्दी हिमालबाट फर्किएका पर्यटकलाई लिन गएको गाडी दुर्घटनामा परेपछि पर्यटकलाई अर्को गाडीको व्यवस्था गरी गन्तव्यमा पठाइएको मर्दी हिमाल इको भिलेजका प्रवन्ध निर्देशक शिवप्रसाद भण्डारीले जानकारी दिनुभयो ।

## नायक शाहविरुद्ध तेस्रो पटक म्याद थप

**पोखरापत्र संवाददाता**
**दमौली ४ चैत**



नाबालिगलाई जबर्जस्ती करणी गरेको अभियोगमा थुनामा परेका नायक पल शाहविरुद्ध तनहुँ अदालतले तेस्रो पटक म्याद थप गरिएको छ ।

शाहविरुद्ध शुक्रबार तनहुँ अदालतबाट पाँच दिनको म्याद थप भएको हो । शाहविरुद्ध अनुसन्धान नसकिएकाले म्याद थप गरिएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो । शाहविरुद्ध गत फागुन १५ गते पहिलो पटक सात दिन र २१ गते १२ दिनको म्याद थप गरिएको थियो । नवलपुरमा पनि जाहेरी परेपछि उनलाई नवलपुर लगेर अनुसन्धान गरिएको थियो । नवलपुर अदालतमा शाहविरुद्ध मुद्दा दर्ता भइसकेको छ । सरकारी वकिलको कार्यालयले उनीविरुद्ध सबै प्रमाण जुटाएर अदालतमा मुद्दा दायर गरेको छ । यस्तै अनुसन्धानका लागि पक्राउ परेका शाहका व्यवस्थापक कृष्ण जोशीविरुद्ध पनि पाँच दिनको म्याद थप गरिएको छ ।

## स्थानीय तहको निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्ने मिति तोकियो

**रासस**
**काठमाडौं ४ चैत**

निर्वाचन आयोगले आसन्न स्थानीय तह निर्वाचनका लागि निर्वाचन कार्यक्रम स्वीकृत गरेको छ ।

आगामी वैशाख ३० गते हुने निर्वाचनका लागि मनोनयनपत्र दर्तादेखि मतदानसम्मको निर्वाचन कार्यक्रम स्वीकृत भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । निर्वाचन कार्यक्रमअनुसार आगामी वैशाख ११ देखि १२ गतेसम्म उम्मेदवारको मनोनयपत्र दर्ता, वैशाख १२ गते मनोनयन दर्ता भएका उम्मेदवारको सूची प्रकाशन र १३ गते उम्मेदवारको विरोधमा उजुरी दिने तय भएको छ । आगामी वैशाख १४ र १५ गते मनोनयपत्र जाँच गर्ने तथा उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने, वैशाख १५ गते मनोनयन भएका उम्मेदवारको नामावली प्रकाशन गर्ने कार्यक्रम स्वीकृत भएको प्रवक्ता पौडेलले जानकारी दिनुभयो । आगामी वैशाख १६ गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा वैशाख १७ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको छ । निर्वाचनसँग सम्बन्धित सम्पूर्ण कार्यालय निर्वाचन अधिकृतको कार्यालयमा हुने आयोगले जनाएको छ । आगामी वैशाख ३० गते स्थानीय तह निर्वाचन हुँदैछ ।

## लाप्राक र बारपाकको विकासका लागि पहल गर्छु : पूर्वप्रधानमन्त्री नेपाल

**पोखरापत्र संवाददाता**
**गोरखा ४ चैत**

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले भूकम्पले क्षति पुऱ्याएका गोरखाको लाप्राक र बारपाकलगायतका क्षेत्रको विकासका लागि पहल गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

नेकपा (एकीकृत समाजवादी) पार्टी गोरखाले लाप्राकमा शुक्रबार आयोजना गरेको कार्यक्रममा बोल्नुहुँदै पार्टीका केन्द्रीय अध्यक्षसमेतरहनुभएकापूर्वप्रधानमन्त्री नेपालले लाप्राकसम्म सडकबाटो स्तरोन्नति, स्वास्थ्य, खानेपानी तथा बिजुलीको पहुँच पुऱ्याउन सम्बन्धित निकायमार्फत पहल गर्ने बताउनुभएको हो ।

लाप्राकको नमुनाबस्तीमा खानेपानीको अभाव भएको त्यहाँका नागरिकले गुनासो गरेपछि उहाँले राजधानी फर्किएर खानेपानी मन्त्रीलाई समस्याको जानकारी गराउने बचन दिनुभएको हो ।

'लाप्राकसम्म पुग्न सडकमा ढल, बाटो निर्माणको काम त भइरहेको छ', उहाँले भन्नुभयो, 'यसलाई अझैं गति दिनुपर्ने आवश्यकता छ ।' उहाँले लाप्राकसम्म नेपाल विद्युत प्राधिकरणको केन्द्रीय प्रशारण लाइन जडान छिटोभन्दा छिटो गर्नुपर्ने बताउनुभयो ।

विकासका लागि जनता पनि चनाखो हुनुपर्नेमा पूर्वप्रधानमन्त्री नेपालले जोड दिनुभयो । 'विकासका लागि सरकार र मन्त्रीलाई घचघच्याउने काम मेरो हो', उहाँले भन्नुभयो, 'तपाईंहरु पनि लाग्नुस, सामूहिकतामा काम गर्न सकियो भने विकास सजिलै हुनसक्छ ।'

## प्रदेशस्तरीय प्रशिक्षणका लागि प्रचण्ड सहितको माओवादी नेतृत्व पोखरा आउँदै

**पोखरापत्र संवाददाता**
**पोखरा ४ चैत**

नेपाल कम्युनिस्ट पार्टी( माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल(प्रचण्ड) सहितको पार्टी नेतृत्व पोखरा आउने भएको छ ।

पोखरा सभागृहमा यही चैत ६ गते आइतबार हुने पार्टीको गण्डकी प्रदेशस्तरीय राजनीतिक वैचारिक प्रशिक्षणका लागि अध्यक्ष प्रचण्ड, वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, देव गुरुङ, देवेन्द्र पौडेल, दिननाथ शर्मा लगायतको नेतृत्व पोखरामा आउने माओवादी गण्डकीका अध्यक्ष गायत्री गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार प्रशिक्षणको सबै तयारी पूरा भएको छ ।

अध्यक्ष गुरुङका अनुसार प्रशिक्षणमा गण्डक ी प्रदेशमा कार्यक्षेत्र हुने पार्टीका केन्द्रीय सदस्य, केन्द्रीय आयोगका सदस्य, केन्द्रीय सल्लाहकार, केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्चका सदस्य, जवस मोर्चाका केन्द्रीय पदाधिकारी, प्रदेश समितिका सदस्य र प्रदेश सल्लाहकारहरु सहभागी हुनेछन् ।

यसैगरी प्रदेश ज्येष्ठ कम्युनिष्ट मञ्चका सदस्य, गण्डकी प्रदेश अधिवेशन आयोजक समितिका सदस्य, गण्डकीका सम्पर्क समन्वय विशेष सदस्य, जवस मोर्चाका प्रदेश अध्यक्ष, संयोजक र सहसंयोजक, नेकपा हुँदाका जिल्ला सदस्य र महानगर समितिका सदस्यहरु, नगर, गाउँ समितिका पदाधिकारीहरु, जिल्ला समन्वय समितिमा निर्वाचित प्रतिनिधिहरु, नगर गाउँपालिकाका प्रमुख, अध्यक्ष र उपाध्यक्षहरु, पोखरा महानगर समितिको हकमा महानगर समितिका सबै सदस्यहरु, महानगर वडाका पदाधिकारीहरु र कास्कीका सबै गाउँपालिका समितिका सदस्यहरु सहभागी गरी दुई हजार ५०० नेता कार्यकर्ता प्रशिक्षणमा सहभागी हुने माओवादीले जनाएको छ ।

प्रशिक्षणको तयारीका लागि प्रचार प्रसार हल व्यवस्थापन, अतिथि सत्कार, मिडिया व्यवस्थापन, स्वास्थ्य, खाजा र खाना लगायतका विभिन्न उपसमितिहरु गठन गरिएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

माओवादीले प्रशिक्षण लगत्तै गण्डकीका ११ वटै जिल्लामा स्थानीय निर्वाचन केन्द्रित पार्टी गतिविधि अघि बढाउने योजना बनाएको छ । अध्यक्ष गुरुङले भन्नुभयो,"संघीयताको जन्मदाता र यसको प्राप्तिको आन्दोलनको अगुवाई गरेको शक्तिका हिसाबले माओवादीको विजयले मात्र प्राप्त उपलब्धिहरु संस्थागत हुन सक्छन् । प्रदेशका ११ वटै जिल्लाका सबै पालिकामा पार्टीलाई एक ढिक्का बनाएर जनताको बीचमा जान्छौं ।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लेकसाइडको सडकमा फेवा नव वर्ष महोत्सव

**पोखरापत्र संवाददाता**
**पोखरा ४ चैत (रासस)**



होटल संघ पोखरा नेपालले १७ औं फेवा नव वर्ष महोत्सवको तयारी अगाडि बढाएको छ । यही चैत ३० गतेदेखि आगामी बैशाख १ गतेसम्म पोखराको लेकसाइड स्थित अम्मटदेखि हल्लनचोकसम्मको सडकमा यो महोत्सव हुने छ।

कोभिड- १९ का कारण दुई बर्षसम्म स्थगित् महोत्सवलाई यसपटक सडकमा आयोजना गरी निरन्तरता दिन लागिएको संघले जनाएको छ। अन्नपूर्ण केवलकार प्रालि महोत्सवको प्रायोजक रहेको छ । महोत्सवमा निशुल्क प्रवेशको व्यवस्था गरिएको छ। दुई दिने महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्न संघका अध्यक्ष लक्ष्मण सुबेदीको संयोजकत्वमा विभिन्न उपसमितिहरु गठन गरिएका छन् । लेकसाइडका विभिन्न शाखा मार्गहरुलाई लक्षित गरी संयोजकहरु समेत छनौट गरिएको छ । सो अवसरमा आयोजित कार्यक्रममा होटल संघ नेपालका केन्द्रिय सदस्य एवं संघका सल्लाहकार भरतराज पराजुली र संघका अर्का सल्लाहकार हरिप्रसाद शर्मा गैह्रेले महोत्सवलाई सफल पार्न विभिन्न सुझाव राख्दै सम्बन्धित सबै व्यवसायी एकजुट भएर सक्रियता प्रदर्शन गर्न आग्रह गरेका थिए । कोभिड- १९ का कारण थला परेको पर्यटनलाई पुनर्जागृत गर्न महोत्सव आयोजना गर्न लागिएको संयोजक सुबेदीले जानकारी दिए। पछिल्लो क्रममा पोखरामा आन्तरिक पर्यटकको आगमनमा वृद्धि भएको, भारतीय पर्यटक आउने क्रम सुरु भएको र कतिपय तेश्रो मुलुकका पर्यटक समेत देखिन थालेको सुबेदीले सो अवसरमा सुनाए । आर्थिक गतिविधि चलायमान बनाउँदै आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्न महोत्सवले सघाउने विश्वास सुबेदीले ब्यक्त गरे । अंग्रेजी नयाँ बर्ष जस्तै नेपाली नयाँ बर्षलाई पनि भव्यताका साथ मनाउँदै खाना, संस्कृति र संगीतको पक्षलाई महोत्सवले मुख्यगरी जोड दिने छ।

विभिन्न उपसमितिहरुको गठनसँगै महोत्सवलाई आकर्षक र नयाँ ढंगले सम्पन्न गर्न तयारीहरु अगाडि बढिसकेको संघका महासचिव एवं महोत्सवको प्रचार समितिका संयोजक राजेन्द्र ढकालले जानकारी दिए । हालैमात्र पोखरामा सेवा सुरु गरेको अन्नपूर्ण केवलकार प्रालिसँग जोडिएर महोत्सवको प्रबर्द्धन गर्न पाउनु गर्वको कुरा भएको पनि महासचिव ढकालले बताए ।

रेवान पोखरासँगको समन्वयमा संघले सडकमा देशविदेशका खानाहरुको स्वाद चाख्ने व्यवस्था मिलाएको छ । अम्मट र सेन्टरप्वाइन्ट लगायतका क्षेत्रमा आकर्षक स्टेज निर्माण गरी दोहोरी तथा गीत संगीतका कार्यक्रम, पप कन्सर्ट, नाचगान र अन्य मनोरञ्जनात्मक प्रस्तुतीहरुलाई समेट्ने योजना संघले बनाएको छ। ख्यातीप्राप्त कलाकारहरुको प्रस्तुती पनि सो अवसरमा रहने छन् । महोत्सवको उद्घाटन अघि ड्यामसाइड र खहरेबाट झाँकीहरुको र्‍याली निकालिने छ। यसैविच गत फागुन ८ देखि ११ गतेसम्म आयोजित जाउँ है पोखरा कार्यक्रमका क्रममा संघले पूर्वी नेपालका विभिन्न क्षेत्रका वासिन्दालाई फेवा नव बर्ष महोत्सवमा सहभागिताका लागि निम्ता समेत बाँडिसकेको छ।

# नयाँ वर्षलाई बजाजको अफर

**पोखरापत्र संवाददाता**
**पोखरा ४ चैत**




बजाजको 'बजाज पाँचको पन्च' योजना सार्वजनिक भएको छ । नेपालको लागि बजाज अटोको एकमात्र आधिकारिक बिक्रेता हंसराज हुलास चन्द एन्ड कम्पनीले नयाँ वर्ष २०७९को अवसरमा ग्राहकका लागि यो योजना सार्वजनिक गरेको छ।

पोखराका लागि बजाज मोटरसाइकलको आधिकारिक बिक्रेता इच्छाशक्ति अटोमोवाइल्स हो । यो योजना अन्तर्गत ग्राहकले पाँच पटकसम्म विभिन्न सुविधा र नगद जित्ने मौका पाउनेछन् । यो योजना अनुसार बजाजका कुनै पनि मोटरसाइकल खरिद गर्दा ग्राहकले सोचेर, हेरेर, किनेर र वम्परमा पाँच चोटी जित्ने मौका पाउन सक्ने इच्छाशक्तिका व्यवस्थापक भगवान विजुक्छेले जानकारी दिए । ग्राहकको बजाजको विज्ञापन आफ्नो फेसबुक पेजमा पोस्ट गरेवापत वाइक किन्ने वेलामा १ हजार रुपैयाँ छुट पाउनेछन् । त्यस्तै, बजाजको सोरुममा गएर आफ्नो छनोटको वाइक रोजेपछि ग्राहकले ५० हजार रुपैयासम्म छुट प्राप्त गर्न मौका दिइनेछ जुन छुट वाइक किन्ने बेलामा प्रदान गरिनेछ । वाइक किन्ने प्रक्रिया सुरु गरेपछि फेसबुकमा पोस्ट गरेवापतको सोरुममा गएर वाइक रोजे वापतको र किन्नलाई बुकिङ गर्दा पाइने १ लाख रुपैयासम्मको जम्माजम्मी रकम छुटको रुपमा प्राप्त गर्न सकिनेछ । अफरका बारेमा अरुलाई रिफर गरेपछि ती रिफरवालाले वाइक किनेमा ३ पटक निःशुल्क सर्भिसिङ सेवा दिने कम्पनीले जनाएको छ। यस बाहेक कम्पनीका अनुसार बम्पर पुरस्कार स्वरुप १० लाख नगद रुपैयासम्म जित्ने मौका पनि छ।

# पहाड जस्तो अटल जीवन सिमलको भुवा जस्तो कविता ढेवाजूको

**पोखरापत्र संवाददाता**
**पोखरा ४ चैत**



जीवन एउटा कला हो। मानव धर्तीमा प्रवेश गरेपछि फरक-फरक कलामा उभिएको हुन्छ । हरेक मानवको जीउने तरिका आ-आफ्नै शैलीका हुन्छन् । धर्तीमा आएपछि जीउन जान्न सक्नुपर्छ। जीवनलाई त्यसै खेर फाल्न दिनु हुदैन यसको सक्दो सहि सदुपयोग गर्नुपर्छ। यो अरु कसैको हातमा नभई आफ्नै हातमा भर पर्छ। जीवन गतिशिल र ऋतु अनुसार मौसम परिवर्तन भए झै छिन छिनमा परिवर्तनशिल हुन्छ । कला साहित्य अजम्वरी देखीन्छ । कला साहित्यकै माध्यमबाट जीवनलाई सगरमाथा सरी उचाईमा पुर्याउन सकिन्छ। साहित्यले चारै दिशा देख्दछ । साहित्य लिखित, अलिखित लगायत धैरै विद्यामा व्यक्त भइरहेको हुन्छ। नेपालको परिवेशमा कुरा गर्दा साहित्यले धनि, गरीव, बालक, युवा, बृद्धा, साना ठुला सारा लोकको उजागर गर्दै आएको पाइन्छ । त्यसैले कला साहित्य सबैको साझा धन हो। सवैको साझा धन सहित्यका हरेक रचनाहरु गौडाकोमुख निवासी वामनप्रसाद ढेवाजूलाइ हरेक पलमा साथी वनाएको थियो। बजारमा निस्केका हरेक साहित्यिक पुस्तक हातमा लिंदै गफ गर्नेवानी थियो ढेवाजूको । उनै ढेवाजूलाइ मैले उहाँको घरमा जाँदा हजुरबा किताव पढ्ने मात्र होकि कविता तथा लेख लेखेर समाजमा जनचेतना फैलाउनी पनि हो भनी सयौ पटक भनेको पनि थिएँ । साथै हाम्रो पत्रिका पोखरापत्र दैननिकमा छापी दिने बाचा पनि ढेवाजुले दिएको थिएँ । मेरो वाचालाइ पनि ढेवाजूले २४ भन्दा वढि कविता प्रकाशन गर्ने साहित जुराइदिनु भयो । आज सिमलको भुवा कविता संग्रहमा तिनै पोखरापत्र दैनिकमा प्रकाशित कविता मुख्य स्रोत भइ २९ कविता थपी तयार भएको छ। वामनप्रसाद ढेवाजू र मिना ढेवाजूको ५० औं वैवाहिक उत्सव समारोहमा उनै ढेवाजू द्धारा लिखित कृति सिमलको भुवा हालै लोकार्पण भएको छ। पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकालले कविता लोकार्पण गर्दै बामनका कवितामा मानवीयता कमजोरी सँगै प्रकृति नासिंदै गएकोमा चिन्ता व्यक्त गरेको पाएका छन् । तीन दिन पहिला हात परेको कविता पढ्दा मलाइ सरल र सन्देह रहित भएको महशुस ढकालले सुनाए। पहाड जस्तो अटल जीवन, सिमलको भुवा जस्तो कविता पढिरहँदा मुना मदनको झझल्को आएको कुलपति ढकालले खुलासा गरे।

राजनीतिमा मौलाउँदै आएका वडा नं १३ का वडा अध्यक्ष दर्शन लामा पनि कविता लोकार्पण गर्दै सिमलको भुवा उड्दै सगरमाथाको चुचुरो सम्म पुगी कवि वामनको उचाइ वढ्दै जानेमा विश्वस्त भए । कवि ढेवाजूका मित तथा प्रा. तारा वरालले मानिसलाइ अँध्यारोवाट उज्यालोतिर अगाडि बढ्न कविताले ठूलो सहयोग पुराएको चर्चा गरे। भानुभक्त आचार्यलाइ घाँसीको प्रेणाले आदिकवि बन्न सफल भए जस्तै वामनप्रसाद ढेवाजूलाइ कवि वन्न पत्रकार शोभाकान्त सिग्देलको प्रेणाले आज सिमलको भुवा सिर्जना भएको चर्चा गरे।

कवि ढेवाजुका भतिज तथा प्रा. रामगोपाल ढेवाजूले काकाका ५३ वटा कविताले समाजलाइ चेतना दिएको चर्चा गरे । हाम्रो परिवारमा यसरी कविता संग्रह आएर पढ्न पाइन्छ भनेर कल्पना पनि गरेको थिएनौ तर आज काकाको कृतिले इतिहास रचेको प्रा.ढेवाजुले भने। कविको रुपमा काकालाइ पाउँदा ढेवाजू परिवारमा खुशी नै खुशी छाएको प्रा. ढेवाजुले चर्चा गरे । पोखरा-१३ गौडाकोमुख स्थित वाल गोपाल भजन कृतन सेवा समितिका अध्यक्ष एवं समाजसेवी डम्बरवहादुर श्रेष्ठले कविता संग्रह सिमिलको भुवाले समाजको पहिचानमा ठूलो सहयोग पुगेको भने। कविताका समिक्षक लोकचन्द्र खनालले ९३ पेजमा ५३ कविता शिर्षकमा लेखिएका कवितामा कविले हरेक अनुहारमा, ढुङ्गामा, माटोमा वा भावमा चारैतिर कविता नै कविता देखेको चर्चा गरे । जीवनको करिव सात दशकसम्म इमान्दर पाठकका रुपमा मौन बसेका र मनमा सिर्जनाका कोपिला कोरल्दै बसेका कवि वामनले आज समाजमा इतिहास कोर्न सफल भएका समिक्षक खनालले भने । मेरो गहन अध्ययन देखेर कान्छो छोराको साथी शोभाकान्त सिग्देलले हजुरबा किताव मात्रै कति पढ्नुहुन्छ भन्दै ज्ञानलाइ वाहिर ल्याउन प्रेणाको स्रोतमा शोभाकान्त नसा नसामा वगेको कवि वामनप्रसाद ढेवाजुले खुलासा गरे । मेरा बुबा स्व. मिनवहादुर ढेवाजु र मुमा स्व. मोहोन माया ढेवाजूको स्मृतिमा कविता संग्रह प्रकाशन गरिएको भन्दै कवि वामनले छोरा द्धय निरोजप्रसाद र धिरजप्रसाद ढोवाजू परिवारलाइ पनि मुरी मुरी धन्यवाद दिए।

कवि वामनले ५० औं वैवाहिक उत्सवमा आफ्नी श्रीमतीलाइ पनि मनभरी खुशीका भावना बोकी कविता मार्फत धन्यवाद दिन भ्याए । कविका दाजु विष्णुप्रसाद ढेवाजूको अध्यक्षतामा भएको कार्यक्रममा रातदिन समाज सेवामा खटिने समाजसेवी प्रकाश सिग्देल, भद्रकाली माविका प्रधानाध्यापक घनश्याम रिजाल, अरण्यज्योति पुस्तकालयका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारी लगायत वोलेको कार्यक्रममा कवि वामनकी कान्छी वुहारी एवं रोटरी क्लव अफ पोखरा मिडटाउनको प्रेसिडेन्ट अफ नोमीनी सोनी ढेवाजू र नातिनी रोजिना तण्डुकारले साहित्यमय वातवरणमा आफ्ना स्वर्ण मुखारवाट मिठा वचनले कार्यक्रम संचालन गरेका थिए।

# इञ्जिनीयर्स एसोसियसनको केन्द्रीय नेतृत्वमा लोकतान्त्रिक समूह निर्वाचित

**रासस**
**काठमाडौं ४ चैत**

नेपाल इञ्जिनीयर्स एसोसियसनको अध्यक्ष पदमा सेन्टर फर डेमोक्र्याटिक इञ्जिनीयर्स नेपालका डा हरिबहादुर दर्लामी निर्वाचित हुनुभएको छ। दर्लामीले तीन हजार ९३० मत प्राप्त गर्नुभएको निर्वाचन समितिका सदस्य उमेशकुमार गुप्ताले जानकारी दिनुभयो।

यसैगरी उपाध्यक्ष पदमा पनि लोकतान्त्रिक समूहकै डा नारायणप्रसाद अधिकारी चार हजार २१ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ । सबै पदमा लोकतान्त्रिक समूह विजयी भएको समितिले जनाएको छ । महासचिव पदमा रविभूषण झाले चार हजार २९८ मत पाउनुभएको छ । उपमहासचिवमा सरोज धितालले तीन हजार ६८३ मत प्राप्त गर्नुभयो । कोषाध्यक्ष पदमा दिनेश त्रिपाठीले तीन हजार ६०५ मत प्राप्त गर्नुभयो। सहकोषाध्यक्ष पदमा दीपक अधिकारी तीन हजार ३४२ मत ल्याई विजयी हुनुभएको छ । एसोसियसनको सबै सदस्य पदमा पनि लोकतान्त्रिक समूहकै उम्मेदवार विजयी भएका छन् । मधेस प्रदेशबाहेकका छ प्रदेशको एसोसियसनमा पनि लोकतान्त्रिक समूहको नेतृत्व निर्वाचित भएको छ। मधेस प्रदेशका अध्यक्षमा भने नेशनल इञ्जिनीयर्स एसोसियसन नेपालका गौरी पण्डित अध्यक्ष पदमा निर्वाचित हुनुभएको छ।

एसोसियसनका निर्वाचित अध्यक्षमा प्रदेश नं १ मा जयनाथ यादव, गण्डकीमा वृजेन्द्र केसी, लुम्बिनीमा शैलेन्द्रकुमार श्रेष्ठ, कर्णालीमा हरि केसी र सुदूरपश्चिममा प्रदीपकुमार पन्त निर्वाचित हुनुभएको हो । वाग्मती प्रदेशमा पनि लोकतान्त्रिक समूहकै रोहिणी पौडेल निर्वाचित हुनुभएको छ। यसैगरी प्रगतिशील समूहबाट केन्द्रीय अध्यक्षमा डा सुरज लामिछाने नेतृत्वको समूहले प्रतिष्पर्धा गरेको थियो। सिडेनबाट विद्रोही समूह निर्वाचनमा खडा भए पनि छ प्रदेशसहित केन्द्रमा पनि निर्वाचित भएको छ। एसोसियसनको ३३औं कार्यसमितिका लागि फागुन २७ गते शुक्रबार मतदान भएको थियो । एसोसियसनबाट इञ्जिनीयर्स काउन्सिलमा प्रतिनिधित्व गर्ने पाँच पदमा पनि सिडेनकै उम्मेदवार निर्वाचित भएको जनाइएको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सार्वजनिक शौचालय निर्माण

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ चैत**

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको रु ३५ लाखको लागतमा म्याग्दे गाउँपालिका-६ रिठ्ठेपानीमा सार्वजनिक शौचालय निर्माण गरिएको छ । पृथ्वीराजमार्गका क्षेत्रमा शौचालय नहुँदा जथाभावी फोहोर हुन थालेपछि शौचालय निर्माण गरिएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो।

खुला दिसामुक्त बनेको जिल्लामा जताततै दुर्गन्ध र फोहोर गर्न थालेपछि शौचालयको आवश्यकता महसुस गरी शौचालय निर्माण गरिएको हो। उहाँले भन्नुभयो, "वडालाई न्यूनतम मासिक भाडा बुझाउने गरी ठेक्कामा दिने योजना बनाएका छौं । शौचालयमा रेखदेख र सरसफाइका लागि एक/दुईजना जनशक्ति आवश्यक पर्ने हुँदा दिसापिसाब गरेको न्यूनतम शुल्क तोकिने सोच बनाएका छौं । " शौचालयको निर्माण पूरा भइसके पनि प्रयोगमा ल्याई नसकिएको सो वडा कार्यालयले जनाएको छ।

# ङावोल र घ्यारु जोड्ने मोटर पुलको निर्माणको काम अलपत्र

**रासस**
**मनाङ, ४ चैत**

हिमाली जिल्ला मनाङमा पुलको निर्माणकार्य नसकिँदै अलपत्र परेको छ।

सदरमुकाम चामेबाट माथिल्लो मनाङतर्फ सडकसँगै थालिएका पुलको निर्माण नसकिँदै अलपत्र परेको हो। हुम्डे विमानस्थल नजिकैबाट ङावल जान मर्स्याङ्दी नदीमाथि 'स्टिल गर्डर ब्रिज' निर्माणका लागि ग्वाला-क्याराभान जेभी काठमाडौंले २०७५ मङ्सिर १५ मा सक्ने गरी पुल निर्माण सम्झौता गरेको थियो । म्याद सकिएको तीन वर्ष बितिसक्दा पनि पुलको निर्माण भने अझै सम्पन्न भएको छैन। यो पुल निर्माणाधीन अवस्थामा २०७६ असार २५ मा खसेको थियो। मनाङ ङिस्याङ गाउँपालिका-३ ङावलका वडाध्यक्ष कृष्ण लामाका अनुसार पुल निर्माण थालेको पाँच वर्ष कटिसकेको छ। डेढ वर्षमा सक्नुपर्ने पुलको काम अहिलेसम्म पनि सम्पन्न नभएको वडाध्यक्ष लामा बताउनुहुन्छ। गत असार पहिलो साता मर्स्याङ्दीमा आएको बाढीले छेउको जग बगाउँदा पुल कोल्टिँदा जोखिमपूर्ण रुपबाट स्थानीयले हिँड्नुपर्ने बाध्यता रहेको छ। उक्त पुल बन्ने हो भने १० मिनेटमै गाउँ पुग्न सकिन्छ तर पुल बनाउने भनी निर्माण थालेर अलपत्र अवस्थामा छाड्दा यहाँका बासिन्दा निराश बनेका छन् । निर्माणाधीन अवस्थामा रहेको पुल नखस्दै तथा बाङ्गिएको समयमा निर्माण कम्पनीलाई पुल खस्न लाग्यो भनेर खबर गरे पनि अटेरी गर्दा पुल सबै मर्स्याङ्दीमा खसेको बताइएको छ। भाँचिएर खसेको पुल सोझो बनाइनुका साथै स्टिल जडान गरिएका छन् तर, डेढ वर्षअघिदेखि उक्त पुलको निर्माण सम्पन्नतर्फ अघि नबढेको पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर प्रह्लाद लामिछानेले बताउनुभयो । पुल निर्माणका लागि यही चैत ३० सम्म म्याद थपिएको उहाँले जानकारी दिनुभयो । इन्जिनियर लामिछाने भन्नुहुन्छ, "चैत ३० भित्र पुल निर्माणकार्य नसकिए कारबाही गर्छौं भनेर पत्र पठाएका छौं, कन्ट्र्याक्टरले असार मसान्तसम्म सकेर ह्यान्डओभर (हस्तान्तरण) गर्ने पत्र पठाएको छ ।" मनाङ ङिस्याङ गाउँपालिकाको वडा नं ४ र ३ जोड्न निर्माणाधीन 'स्टिल गर्डर ब्रिज' को स्टिलका सबै 'मेम्बर' जोडेर चार वटा मात्रै बाँकी छँदा पुल मर्स्याङ्दीमा खसेको थियो। ठेकेदार कम्पनीले भ्याटबाहेक रु चार करोड ५१ हजारमा पुल बनाउने जिम्मा लिएको हो। पैतीस मिटर लम्बाइ र साढे चार मिटर चौडाइको पुल खस्दा कम्तीमा रु ६० लाख क्षति पुगेको अनुमान गरिएको थियो।

पुल समयमै निर्माण नगर्दा पुल मर्स्याङ्दीमा खसेको गाउँपालिकाका अध्यक्ष कान्छा घलेले बताउनुभयो । निर्माण कम्पनीले भने चिसो, हिमपात, कोभिडलगायत कारण देखाउँदै आएको छ। पुल निर्माणकार्य अलत्रि देखिएपछि ध्यानाकर्षण गराइएको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो । नेपाली सेनाले २०६९ सालमा बेँसीसहर-चामे सडकको ट्र्याक खोलेपछि माथिल्लो मनाङमा पनि सडक र पुल निर्माण थालिएको थियो।

# डायमण्ड शैक्षिक मेलाको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ चैत**

कास्कीको पोखरा महानगरपालिका वडा नं. २७ तालचोकमा रहेको डायमण्ड माध्यमिक विद्यालयमा डायमण्ड शैक्षिक मेला २०७८ को तयारी अन्तिम चरणमा पुगेको एक कार्यक्रमका बिच विद्यालयका प्राचार्य यम बहादुर रोकाले जानकारी दिनु भएको छ । मेलामा विविध विषयका शैक्षिक सामग्रीको प्रदर्श प्रतिभाहरुको प्रस्तुनी, खेल तथा मनोरञ्जन र स्वादिष्ट खाद्यपरिकारको स्टल तथा साँस्कृती कार्यक्रम प्रर्दशन गरिने विद्यालयका संयोजक विकास लामिछानेले जानकारी दिनुभएको छ।

विद्यार्थीको सिर्जनात्मक ज्ञान र रचनात्मक, सीपको प्रर्दशनीका लागि "ज्ञान र मनोरंञ्जन एकै ठाउँमा "भन्ने उद्घघोषका साथ "डायमण्ड शैक्षिक मेला-२०७८ को आयोजना गरिएको विद्यालयका निर्देशक माधव शरण उपाध्यायले जानकारी दिनुभएको छ । मेला आगामि चैत ६ गते आइतबार विद्यालयको प्रङ्गणमा विहान १० बजे देखि दिनको ३ बजे सम्म संचालन गरिने बताईएको छ।

# बेनीका पाँच वडामा मकै ब्लक

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ चैत**

म्याग्दीको बेनी नगरपालिकाको पाँच वटा वडामा मकैको व्यावसायिक उत्पादन केन्द्र (ब्लक) कार्यक्रम शुरु भएको छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगत बेनी नगरपालिका १ रत्नेचौर, ४ नम्बर वडा सिंगा, ५ नम्बर वडा पुलाचौर र ९ नम्बर वडा घतानमा मकै ब्लक कार्यक्रम शुरु गरिएको हो।

नगरपालिकाका कृषि अधिकृत आकृति ढुङ्गानाले जौ र आलुको व्यावसायिक खेती विस्तार, गुणस्तर सुधार, उत्पादन वृद्धि र वजारीकरणमा सघाउने उद्देश्यले सो कार्यक्रम सुरु भएको बताउनुभयो । 'नगर कार्यपालिकाको निर्णय अनुसार कृषकहरुको सञ्चालक समिति गठन र सम्झौता गरी कार्यान्वयन थालिएको छ,' उहाँले भन्नुभयो 'नयाँ कार्यक्रमका लागि चालु आर्थिक वर्षमा रु. २५ लाख ५० हजार बजेट बिनियोजन भएको छ ।' कार्यक्रम मार्फत कृषकहरुलाई निःशूल्क तालिम र प्राविधिक सहयोगका साथै सिचाईमा ८५ र कृषि औजार, बिउ र बिषादीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने कृषि अधिकृत ढुङ्गानाले बताउनुभयो । यसैगरी बेनी नगरपालिकाको पशु सेवा शाखाले ३४ कृषकलाई माछाका १६ हजार भुरा वितरण गरेको छ। कमन कार्प, सिल्भर कार्प, ग्रास कार्प, रघु र नैनी जातको माछाका भुरा वितरण गरिएको शाखाका प्राविधिक प्रदिप गौतमले जानकारी दिनुभयो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : सहयोग मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# निजी छाडेर सामुदायिक विद्यालयमा

**-खेमराज गौतम**
**बागलुङ, ४ चैत (रासस)**

पठनपाठन राम्रो हुँदै गएपछि निजी छाडेर सामुदायिक विद्यालयमा भर्ना हुने क्रम बढ्दै गएको छ । बागलुङ नगरपालिका-३ रातमाटास्थित धवलागिरि वीरेन्द्र माध्यमिक विद्यालय यस्ता छन्, जहाँ भर्ना हुन ठूलै युद्ध जिते सरह ठान्छन् अभिभावकहरू।

सदरमुकामसँग जोडिएको सो विद्यालयमा कुनै समय एकै वर्ष ९३ जनासम्म एसएलसी दिन्थे । विद्यालयमा विद्यार्थीको सङ्ख्या थेगिनसक्नु हुन्थ्यो । सदरमुकामका विद्यार्थी यहाँ पढ्न आउँथे। तर समय फेरियो विद्यार्थी सङ्ख्या ह्वात्तै घटे । विसं २०२१ मा स्थापना भएको सो विद्यालय विद्यार्थी अभावकै कारण बन्द हुने अवस्थामा पुग्ला भनेर स्थानीयवासी कसैले सोचेकै थिएनन्। बागलुङकै पुरानोमध्येकै धवलागिरि वीरेन्द्र माध्यमिक विद्यालय परिसरबाट अहिले निजी विद्यालयका पाँच/छवटा सवार ंसाधन आउजाउ गर्छन्।

विद्यालय परिसरकै विद्यार्थी ओसार्न सदरमुकामबाट दैनिक सवारी आउने हैरानी अर्कोतिर धवलागिरि वीरेन्द्र माध्यमिक विद्यालयमा विद्यार्थी सङ्ख्या ओरोलो लाग्दै छ। निजी विद्यालयको आकर्षणका कारण गाउँका बालबालिका बजार पढ्न आउन थालेपछि कुनै दिन एक हजार ३०० विद्यार्थीले अध्ययन गर्ने धवलागिरि वीरेन्द्र माध्यमिक विद्यालयका विद्यार्थी अभावमा झण्डै बन्द हुने अवस्थामा पुग्यो।

विस्तारै विद्यार्थी सङ्ख्या ओरालो लाग्दै गयो । उक्त विद्यालयमा विसं २०६८ मा कक्षा १ देखि १० सम्म जम्मा विद्यार्थी सङ्ख्या ६८ जना थिए। कुनै कक्षा त खालीजस्तै थियो । विद्यार्थीले विद्यालय छाडेपछि झण्डै बन्द हुने अवस्थाको विद्यालय अहिले भने नयाँ व्यवस्थापनका साथ सञ्चालनमा आएको छ। गाउँलेले दुःख गरेर स्थापना गरेको विद्यालय बन्द हुने अवस्थामा पुगेपछि स्थानीयवासीमा जागरुकता आयो, कोमामा पुगेको विद्यालय बौरिएको छ।

विसं २०६८ देखि नै विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुन थाल्यो । विद्यार्थीको मागअनुसार विद्यालयमा पढाइ हुन थालेपछि विस्तारै निजी विद्यालयमा अध्ययन गर्न छाडेर यस विद्यालयमा विद्यार्थी आउन थालेको प्रधानाध्यापक भूमिराज गौतमले जानकारी दिनुभयो।

"सदरमुकाम नजिकै भएकाले निजी विद्यालयका सवार ंसाधन गाउँमै आउने भएकाले विद्यार्थी अभावका कारण विसं २०६८ मा झण्डै बन्द हुने अवस्थामा आइपुगेको विद्यालय स्थानीयवासी, शिक्षक तथा शिक्षाप्रेमीको सहयोगमा विस्तारै बौरिँदै गयो", प्रधानाध्यापक गौतमले भन्नुभयो, "विसं २०६९ बाटै अङ्ग्रेजी माध्यमबाट अध्यापन गराउन थालियो, प्रयोगशाला, कम्प्युटर कक्षाको व्यवस्था गरियो विस्तारै विद्यार्थी सङ्ख्या बढ्दै गए अहिले विद्यालयमा ३०० विद्यार्थी छन्, जनसङ्ख्याको हिसाबले अहिलेको अवस्थामा विद्यार्थी सङ्ख्या निकै राम्रो हो, अझै बढ्ने देखिन्छ।" कक्षा १ देखि १० सम्म अङ्ग्रेजी माध्यम, कक्षा ११ र १२ अङ्ग्रेजी र नेपाली दुवै माध्यममा अध्यापन गराउन थालिएको छ। यस्तै विसं २०७३ देखि पशु विज्ञानतर्फ कक्षा ९ देखि १२ सम्म अध्यापन भइरहेको विद्यालयले जनाएको छ। पशु प्राविधिक शिक्षाका लागि बागलुङबाहेक म्याग्दी तथा पर्वत जिल्लाबाट समेत अध्यापनका लागि आउने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजन शर्मालेे बताउनुभयो।

विद्यालयमा विज्ञान विषयका तीनवटा प्रयोगशाला र कम्प्युटर ल्याबको व्यवस्थासमेत गरिएको छ । "नागरिकको चेतनास्तरमा वृद्धि भएसँगै निजी विद्यालयमा भन्दा राम्रो शिक्षा सामुदायिकै हुने भएकाले निजी विद्यालय छाडेर यस विद्यालयमा अध्ययनका लागि आउने विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको छ", विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शर्माले भन्नुभयो, "कोमामा पुगेको विद्यालय बौरिएको छ, ३० शिक्षक गुणस्तरीय शिक्षाका लागि खटिएका छन्, निजीमा भन्दा बढी सिकाइका माध्यम यहाँ हुने गरेका छन् ।" विद्यालयमा नर्सरीदेखि कक्षा १० सम्म अङ्ग्रेजी माध्यम, कम्प्युटर शिक्षा, कक्षा ११ र १२ मा शिक्षा र व्यवस्थापन विषय र कक्षा ९ देखि १२ सम्म पशु विज्ञान अध्यापन भइरहेको छ । स्थानीयवासीले दैलोको विद्यालय बन्द हुने अवस्थामा आएको देखेपछि आफैँ जागरुक भएर विद्यालयको शैक्षिक सुधारमा लागेको स्थानीयवासी हिमाल शर्माले बताउनुभयो। उहाँका अनुसार अहिले निजी विद्यालयका विद्यार्थीसमेत यस विद्यालयमा आउने गरेकाले विद्यार्थीको सङ्ख्या क्रमशः बढ्दै गएको छ।

बागलुङ बजार नजिकै रहेको उक्त विद्यालयमा भौतिक पूर्वाधारको भने कमी छ । भिरालो जमिनमा रहेको विद्यालयको तारबार गर्न अत्यन्तै आवश्यक देखिएको छ । विद्यालयमा अध्यापन गराउनका लागि अझै पनि कक्षाकोठाको अभाव भइरहेको विद्यालयले जनाएको छ।

# विद्यालयमा खाजाको पात्रो, नियमित हुन थाले विद्यार्थी

**-तारानाथ आचार्य**
**बागलुङ, ४ चैत (रासस)**

यहाँस्थित विभिन्न सामुदायिक विद्यालयमा सञ्चालन भएको दिवा खाजा कार्यक्रमका कारण पछिल्लो समय विद्यार्थीको चाप बढ्दै गएको छ। खाजा उपलब्ध गराएपछि विद्यार्थी खुसी छन् । त्यसमाथि पनि कुन बार के खाजा खाने भन्ने विषयमा विद्यालयले बनाएको तालिकाले विद्यार्थीलाई थप आकर्षित बनाएको छ।

बागलुङ नगरपालिका-८ को बौंडेचउर माविको कक्षा ४ मा अध्ययनरत काजल काउचाले अभिभावकलाई समेत आजको खाजा के हुन्छ भन्ने जानकारी गराएर विद्यालय जानुहुन्छ । काठेखोला गाउँपालिका-७ को रेशगाउँबाट आउँदा डेढ घण्टा बाटो हिँडेर विद्यालय पुग्ने काउचालाई खाजाले विद्यालय जाऔँ जाऔँ बनाउने गरेको छ।

बिहान ८ बजे नै खाना खाएर आउने काजल दिउँसै भोकाउनुहुन्छ। दिउँसोको खाजा खाने खर्च नहुँदा दिउँसो १ बजे नै घर फर्किने गर्नुभएकी काजल आजभोलि साँझ ५ बजे मात्रै घर पुग्नुहुन्छ। कारण विद्यालयमा नै उहाँको रुचिअनुसारकै खाजा खान पाइन्छ । सबै समय पढेर घर फर्किंदा पनि उहाँले भोकाउनु पर्दैन । यसअघि उहाँको पढाइ राम्रो चलेको थिएन । उहाँ मात्र हैन कक्षा ५ मा पढ्ने बिराज परियारको समस्या पनि उस्तै हो । पैसा तिरेर खाजा खाने क्षमता नभएपछि भोकभोकै पढ्न बाध्य हुनुहुन्थ्यो । भोकभोकै पढ्न नसक्दा धेरै बालबालिकाले बीचैमा पढाइ छाड्ने समस्या थियो। यो समस्या चालु शैक्षिक वर्षदेखि घटेको छ।

शिक्षा मन्त्रालयले पोषण भत्तास्वरुप मासिक रु ४५० दिन थालेको छ । उक्त पैसाबाट अभिभावकलाई अन्न वा खाजाका लागि चाहिने सामग्री खरिद गरेर दिइन्छ। त्यसपछि बालबालिकाले घरमै खाजा बनाएर ल्याउने गरेका छन्। दिउँसो खाजा खाएर उनीहरु विद्यालय समयभर बस्न थालेको प्रधानाध्यापक दीनानाथ गौतमले बताउनुभयो।

"यहाँ अधिकांश समय चिसो हुन्छ, त्यसमाथि बिहानै ८ बजे खाना आएर हिँडेका बालबालिका दिउँसै भोकाउँछन्, त्यसैले उनीहरुलाई खाजा चाहिएको थियो", उहाँले भन्नुभयो, "यस्तो खाजाको व्यवस्था गरेपछि मात्रै सातौँ पिरियडसम्म बालबालिका बस्न थालेका छन् ।" विद्यालयले साताको ६ दिनसम्म कुन बार कुन खाजा खाने भन्ने क्यालेन्डरसमेत बनाएको उहाँले बताउनुभयो।

यसरी खाजाको पात्रो बनाउँदा एकरुपता भएको शिक्षक रुद्रप्रसाद जोशीले बताउनुभयो । "कसैले मीठो, कसैको नमीठो भन्ने पनि भएन, एकै प्रकारको खाजा आएपछि सबैले रमाएर खान्छन्," उहाँले भन्नुभयो, "अहिले बालबालिका नियमित गर्न पनि सजिलो भएको छ ।" अभिभावकलाई नगद दिँदा खर्च गरेर सक्ने भएकाले विद्यालयले खाजाको सामान खरिद गरेर बाँडेर दिने गरेको हो । यो पद्धतिले अभिभावकले जथाभावी खर्च गर्न पनि नपाएको उहाँले अनुभव सुनाउनुभयो । विद्यालयले सबै बालबालिकाको घरमा आइतबारदेखि शुक्रबारसम्म खाने खाजाको पात्रो बाँडेको छ। आइतबार तरकारी र अण्डा, सोमबार हलुवा, मङ्गलबार रोटी र तरकारीको खाजा व्यवस्था भएको हो।

त्यस्तै बुधबार मकै र भटमास, बिहीबार चना तथा शुक्रबार रोटीतरकारी खाजा खुवाउने गरिएको हो। दिउँसो १:३० देखि २ बजेको समय खाजाको बढी तोकिएको गौतमले बताउनुभयो । यो समय बालबालिकाहरु मिलेर खाजा खाने गरेका छन् । खाजाले बालबालिकालाई मिलेर खाने बानीको समेत विकास गरेको उहाँले बताउनुभयो। केही समयअघि स्थानीय होमस्टेलाई खाजा बनाउने जिम्मा दिइएको थियो। तर कोरोना सङ्क्रमणका कारण हरेकले आफ्नै घरबाट खाजा बनाएर ल्याउने नियम चलेको हो।

# दलित पत्रकार संघको अक्षयकोषमा आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ चैत**

राष्ट्रिय दलित पत्रकार संघ तनहुँले स्थापना गरेको अक्षकोषमा दुग्ध व्यवसायी रमेशप्रसाद आचार्यले रु पाँच हजार आर्थिक सहयोग गर्नुभएको छ।

व्यास गरपालिका-११ सेरा निवासी युवा समाजसेवी आचार्यले संघका जिल्ला अध्यक्ष एसबी नेपालीलाई शुक्रबार उक्त रकम हस्तान्तरण गर्नुभएको हो।

संघले स्थापना गरेको अक्षयकोषमा हालसम्म रु ६० हजार बढी रकम संकलन भइसकेको बताइएको छ।

यसअघि तनहुँ सुनचाँदी व्यवसायी संघका अध्यक्षबाट रु ११ हजार २२३, संघका निवर्तमान अध्यक्ष कृष्ण सुनारले रु ११ हजार १०० सहयोग गर्नुभएको थियो।

पत्रकार अम्मरराज नहर्की, व्यवसायी गोपाल विश्वकर्मा, मिनबहादुर चदारो र नरबहादुर सुनारबाट रु पाँच/पाँच हजार आर्थिक सहयोग प्राप्त भएको छ । अक्षयकोष रकमबाट आएको ब्याजले प्रत्येक वर्ष दुई जना दलित पत्रकारलाई पुरस्कृत गर्ने योजना अनुरुप अक्षयकोष स्थापना गर्न लागेको संघका सचिव अशोक विश्वकर्माले जानकारी दिनुभयो । कम्तीमा रु पाँच लाखको अक्षयकोष स्थापना गर्ने लक्ष्य राखिएकाले शुभचिन्तकबाट सहयोग रकम दिने क्रम जारी रहेको उहाँले बताउनुभयो।


## नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/१२/०५

कम्पनी ऐन, २०६३ बमोजित स्थापना भएको प्रा.लि. नं. २८१६४४/०७८/०७९ को साविक बि. एन. बि. लेजर क्लिनिक प्रा. लि. को नाम थप भई अब उपरान्त बि.एन.बि. प्रोक्टो लेजर क्लिनिक प्रा. लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**बि. एन बि. प्रोक्टो लेजर क्लिनिक प्रा. लि.**
**पोखरा म.न.पा.-९, कास्की, नेपाल**

# तनहुँ कारागारमा महिला कैदीबन्दी राख्न सुरु

**पोखरापत्र संवाददाता**
**दमौली, ४ चैत**

तनहुँ कारागारमा निर्माण गरिएको महिला बन्दीगृहमा महिला कैदीबन्दी राख्न थालिएको छ। कारागारमा महिला बन्दीगृह निर्माण सकिएपछि औपचारिक रुपमा महिला कैदीबन्दी राख्न थालिएको हो ।

महिला बन्दीगृहमा १२ महिला रहेको कारागारका सूचना अधिकारी नारायण अधिकारीले जानकारी दिनुभयो । कास्की कारागारबाट ११ महिला कैदीबन्दी तनहुँ ल्याइएको छ । तनहुँ ठेगाना भएका ती महिलालाई कास्कीबाट यहाँ स्थानान्तरण गरिएको अधिकारीले बताउनुभयो । "महिला बन्दीगृह नहुँदा तनहुँबाट कास्की पठाइएका उनीहरूलाई पुनः यहीँ पठाइएको छ", उहाँले भन्नुभयो । त्यसमध्ये दुई थुनुवा र नौ कैदीबन्दी रहेको अधिकारीले जानकारी दिनुभयो ।

तनहुँ अदालतबाट पनि एक महिलालाई पुर्पक्षका लागि थुनामा पठाइएको छ । ती महिलालाई पनि महिला बन्दीगृहमै राखिएको अधिकारीले बताउनुभयो । तनहुँमा निर्माण गरिएको महिला बन्दीगृहमा २० जना राख्न मिल्ने क्षमता छ । महिला बन्दीगृह नहुँदा कैदीबन्दीलाई पोखरा वा अन्यत्रै पठाउनुपर्ने बाध्यता रहेकामा अब उक्त बाध्यता अन्त्य भएको छ । कारागारको पुरानो कार्यालय भवन र सुरक्षा ब्यारेकलाई मर्मत र कम्पाउण्ड गरी महिला बन्दीगृह सञ्चालन गरिएको हो ।

कारागारमा नयाँ भवन निर्माण भएपछि पुराना भवनलाई महिला बन्दीगृह बनाइएको हो । गत आर्थिक वर्षमा पूर्वाधार विकास कार्यालयमार्फत रु २० लाख बजेटको काम भए पनि बजेट अपुग हुँदा चालु आर्थिक वर्षमा कारागार व्यवस्थापनले रु २० लाख बजेट विनियोजन गरेको थियो ।

# जनताको मन जित्ने गरी काम गर्न आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ चैत**

मुख्यमन्त्री पोखरेलले कांग्रेसका कार्यकर्तालाई जनताको मन जित्ने गरी क्रियाशील बन्न आग्रह गर्नुभएको छ ।

नेपाली कांग्रेसका विभिन्न एकाइद्वारा बिहीबार बागलुङमा आयोजित कार्यक्रममा उहाँले राष्ट्रियदेखि स्थानीय तहसम्मका समस्याको समाधान गर्ने पार्टीका रुपमा पार्टीले आफ्नो पहिचान बनाएको उल्लेख गर्दै जनताको भावना अनुसार पार्टी सङ्गठनलाई क्रियाशील बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँलेराजनीतिकघटनाक्रम, राष्ट्रको आवश्यकताका कारण वर्तमान समयमा केन्द्र एवं प्रदेश सरकारमा कांग्रेसले नेतृत्व गरिरहेको उल्लेख गर्दै आसन्न निर्वाचनमा पार्टीलाई पहिलो बनाउने गरी लाग्नुपर्ने बताउनुभयो । गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री एवं कांग्रेस नेता मणिभद्र शर्मा कँडेलले जनताका हरेक समस्यामा कांग्रेस छ भन्ने अनुभूति हुने गरी जनस्तरसम्म पार्टी सङ्गठनलाई क्रियाशील गराउनुपर्ने बताउनुभयो ।

मुख्यमन्त्रीको बागलुङ भ्रमणलाई लक्षित गरी नेपाली कांग्रेस क्षेत्रीय कार्यसमिति क्षेत्र नं २ बागलुङ, नेपाली कांग्रेस गलकोट नगरपालिका- ५ वडा कार्य समितिले छुट्टाछुट्टै रुपमा अगुवा कार्यकर्ता भेला राखेका थिए ।

मुख्यमन्त्रीले बिहीबार नै वडिगाड-२ वाग्लुङमा राना सेवा समाज सामुदायिक पर्यटकीय पूर्वाधार भवन निर्माणको शिलान्यास गर्नुभयो भने गलकोट नगरपालिका-९ पछुवामा सात वर्ष यता ठेक्का सम्झौता भएर पनि निर्माण बढ्न नसकेको पुलबारे स्थानीयसँग जानकारी लिनुभएको थियो ।

# रघुगङ्गामा सामूहिक आलुखेती विस्तार

**पोखरापत्र संवाददाता**
**बेनी, ४ चैत**

म्याग्दीको रघुगङ्गा गाउँपालिकामा सामूहिक आलुखेती विस्तार गरिएको छ। रघुगङ्गाको वडा नं १ बेग, वडा नं २ भगवती, वडा नं ५ झिँ, वडा नं ६ पाखापानी र वडा नं ८ कुइनेमङ्गलेका कृषक समूहलाई अनुदानमा बीउ, मल र प्राविधिक सहयोगमा सामूहिक आलुखेती विस्तार गरिएको छ।

हरेक कृषक समूहले कम्तीमा २०० रोपनी जग्गामा लगाउने सम्झौतासहित पाँच ब्लक बनाएर गाउँपालिकाबाट सामूहिक आलुखेती कार्यक्रमलाई कार्यान्वयन गरिएको कृषि शाखा संयोजक सविना शर्माले जानकारी दिनुभयो । गाउँपालिकाको रु ३० लाख र कृषक समूहबाट रु ३० लाख बराबरको श्रमदानसहित रु ६० लाख लागत अनुमानको बजेटबाट रघुगङ्गामा आलुखेती लगाउने अभियान सञ्चालन गरिएको छ।

सामूहिक आलुखेतीलाई प्रभावकारी बनाउन एक ब्लकमा रु १२ लाखको कार्यक्रमअन्तर्गत गाउँपालिकाको रु छ लाख र कृषक समूहको रु छ लाखसहितको योजनाअनुसार आलु ब्लक कार्यान्वयन गरिएको कृषि शाखाले जनाएको छ । निर्वाहमुखी कृषिका माध्यमबाट उत्पादन गर्दै आएको आलुखेतीलाई थप व्यवस्थित बनाउँदै व्यावसायिकरुपमा अघि बढाउन आलु ब्लक खेती विस्तार गरिएको कृषि शाखा संयोजक शर्माले बताउनुभयो । उक्त कार्यक्रमअन्तर्गत रघुगङ्गा-२ रिसिन चौतारीस्थित बरखर्क कृषि समूहमा आबद्ध २४ कृषकले सामूहिकरुपमा २०० रोपनी जग्गामा आलुखेती गरेका छन् । समूहमा आबद्ध सदस्यले सामूहिकरुपमा खेती लगाएका हुन् । गाउँमा निर्वाहमुखी खेतीमा सीमित रहेको जमिनलाई भाडामा लिएर गाउँपालिकाबाट मिनिटेलर र प्राविधिक सहयोगमा कृषक समूहको सक्रियतामा २०० रोपनी जग्गामा आलु विस्तार गरिएको बरखर्क कृषक समूहकी कोषाध्यक्ष देवी कटुवालले बताउनभयो । "कृषक समूहबाट ६५ रोपनीमा र समूहमा आबद्ध कृषकले व्यक्तिगतरुपमा १३५ रोपनी जग्गामा आलु लगाएका छौँ, यसले यस क्षेत्रलाई आलु पकेट क्षेत्रको रुपमा विकास गर्न सघाउने विश्वास लिएका छौँ", उहाँले भन्नुभयो ।

# थोपा सिँचाइ प्रभावकारी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ चैत**

जिल्लाका कृषकले अपनाएको थोपा सिँचाइ प्रविधि प्रभावकारी बनेको छ। उत्पादन बढाउन र लागत घटाउन थोपा सिँचाइ प्रभावकारी बनेको हो । परीक्षणका लागि दुई वर्षअघि हरियाली समूहले भित्र्याएको यो प्रविधि जिल्लाका अन्य कृषकले पनि अपनाउन थालेका छन् ।

बेनी नगरपालिका-१ रत्नेचौरको हराभरा कृषि फार्मका सञ्चालक निरबहादुर थापाले पानीपानीले धेरै ठाउँमा थोपा सिँचाइ प्रविधि प्रभावकारी बनेको बताउनुभयो । "ट्याङ्कीमा सङ्कलन गरिने पानीलाई पाइपबाट बिरुवाको जराजरामा पुर्‍याउँदा ९० प्रतिशत पानीको सदुपयोग हुन्छ," उहाँले भन्नुभयो "बिरुवालाई आवश्यक पर्ने तत्व पानीमा मिसाएर पाइपबाट बिरुवालाई दिन सकिन्छ ।"

अनावश्यक ठाउँमा पानी नजाँदा झारपात नआउने, मल सबै बालीले मात्र उपयोग गर्न पाउने, झारपात गोडमेल गर्दा हुने समयको बचत भएको थापाले बताउनुभयो। उहाँले गत वर्ष कृषि ज्ञान केन्द्र म्याग्दीको अनुदान सहयोगमा पाँच रोपनी जमिनमा थोपा सिँचाइ र मल्चिङ प्रविधिबाट तरकारी खेती गर्नुभएको थियो । २० वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आएका थापाले जमिनमा प्लास्टिकले छोपेर गरिने मल्चिङ प्रविधिले झारपात उम्रन नदिने, मल नड्ढ्ने, तापक्रम सन्तुलित हुने, बिरुवा छिटो हुर्कने, बढ्ने र उत्पादन बढेको अनुभव सुनाउनुभयो । मल्चिङ र थोपा सिँचाइ प्रविधिका लागि कृषि ज्ञान केन्द्रले थापाको फार्मलाई गत वर्ष खुल्ला जमिनमा प्राङ्गारिक खेती कार्यक्रममार्फत रु एक लाख अनुदान दिएको थियो । बेनी -४ सिङ्गामा हरियाली समूहले सञ्चालन गरेको कृषि फार्मको तरकारी खेतीमा दुई वर्षअघि थोपा र मल्चिङ प्रविधि भित्र्याएका थिए । बेनी नगरपालिका-५ डडुवाका कृषकले पनि प्लास्टिक घरभित्र गोलभैँडा खेती गर्न थोपा सिँचाइ प्रविधि अपनाएका छन् । परम्परागतको तुलनामा थोपा सिँचाइबाट दसदेखि बीस प्रतिशत उत्पादन बढाउन सकिएको डडुवाका कृषक प्रेम भण्डारीले बताउनुभयो। गोलभैँडा, काउली, बन्दा, ब्रोकाउली, घिरौँला, सिमी, करेलालगायत लहरेबालीका लागि थोपा सिँचाइ प्रभावकारी हुने कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले बताउनुभयो ।

"गत वर्ष रत्नेचौर र हिदीमा गरिएको थोपा र मल्चिङ प्रविधि प्रभावकारी देखिएपछि विस्तार हुन थालेको छ," उहाँले भन्नुभयो "नयाँ प्रविधिको विकास र विस्तारमा कार्यालयले प्राथमिकता दिएको छ।"

# दुई वर्षमा सडकको प्रगति १२ प्रतिशत मात्र

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ चैत**

ठेक्का सम्झौता भएर काम नहुँदा अलपत्र बनेको तनहुँको भानु नगरपालिका-१३ स्थित चन्द्रावती ठूल्दुङ्गा मोटरमार्गको प्रगति दुई वर्षमा १२ प्रतिशत मात्रै भएको छ । विसं २०७६ कात्तिक ४ गते ठेक्का लागेको उक्त सडकको भौतिक प्रगति दुई वर्षमा १२ प्रतिशत मात्रै छ ।

पूर्वाधार विकास कार्यालय तनहुँले मोटरमार्गको दस किमी खण्ड कालोपत्र, नाला निर्माण तथा ग्याबिन जाली भर्ने लगायतका कामका लागि काठमाडौँस्थित शङ्करमाली कन्स्ट्रक्शनसँग सम्झौता गरेको थियो । निर्माण व्यवसायीको लापरबाहीका कारण मोटरमार्गको काम सुस्त रहेको स्थानीयवासीसमेत रहनुभएका जिल्ला समन्वय समिति तनहुँका प्रवक्ता गलबहादुर गुरुङले बताउनुभयो ।

उक्त मोटरमार्ग कालोपत्रका लागि पूर्वाधार कार्यालयले रु २३ करोड दुई लाख ८० हजारमा ठेक्का सम्झौता गरेको थियो । कार्यालयले निर्माण कम्पनीलाई रु ६ करोड ९१ लाख ८५ हजार निकासा गरिसकेको छ । कार्यालयका अनुसार हालसम्म १२ प्रतिशत भौतिक र ३० प्रतिशत वित्तीय प्रगति भएको छ। समयमा काम सम्पन्न नभएपछि आगामी असार मसान्तसम्म म्याद थप भएको कार्यालयले जनाएको छ । कामको प्रगति हेरेर बाँकी म्याद थपको निर्णय हुने कार्यालयले जानकारी दिएको छ।

विसं २०४९ मा चन्द्रावतीबाट पोखरीछापसम्म सडकको ट्र्याक खोली सवारीसाधन सञ्चालन हुँदै आएको छ । बर्सातका बेला सडक हिलाम्य हुँदा सर्वसाधारणले सास्ती खेप्दै आएका छन् ।

प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालको पहलमा अलपत्र बनेको उक्त मोटरमार्गको काम सुरु गर्ने सहमति भएको छ। निर्माण व्यवसायीसहित हालै बसेको बैठकले उक्त मोटरमार्गको काम सुरु गर्ने सहमति गरेको हो ।

पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख दिनेशकुमार घिमिरे, इन्जिनियर अमरेन्द्र यादव, धनमाया मिश्र लगायतको उपस्थितिमा भएको बैठकमा निर्माण व्यवसायी डिबी कार्कीले निर्माण कार्यलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । ठेक्का सम्झौतामा भएअनुसार जनशक्ति ल्याउने, आवश्यक उपकरण परिचालन गरी कार्य अगाडि बढाउने, अबको निर्माण सुरु गरेपछि कार्य प्रगतिका बारेमा निर्माण व्यवसायीले पूर्वाधार कार्यालयलाई मासिक रुपमा जानकारी गराउनुपर्ने र योजना सम्पन्न गर्नका लागि पूर्वाधार कार्यालयले आवश्यक समन्वय गर्ने निर्णय भएको प्रवक्ता गुरुङले जानकारी दिनुभयो ।

सडक कालोपत्र गर्ने काममा ढिलासुस्ती हुँदा यस भेगका स्थानीयवासीले बर्सातमा सास्ती खेप्दै आएका छन् । निर्माण व्यवसायीको लापरबाहीका कारण बर्सातमा हिलो र हिउँदमा धुलोले स्थानीयवासी मर्कामा पर्दै आएको गुरुङले बताउनुभयो । "निर्माण व्यवसायीले हालसम्म १२ प्रतिशत भौतिक प्रगति भएको बताएको छ, तर देखिने गरी केही काम भएको छैन," उहाँले भन्नुभयो, "निर्माण व्यवसायीले काम अगाडि बढाउँछु भनेर प्रतिबद्धता जनाएकाले केही आशावादी भएका छौँ ।"

# मेयर उपमेयर कप : सत्यवती छात्रा फुटबलको फाइनलमा

**रासस**
**तनहुँ, ४ चैत**

व्यास नगरपालिकाको आयोजनामा जारी मेयर उपमेयर कप फुटबल प्रतियोगितामा छात्रातर्फ सत्यवती मावि फाइनलमा प्रवेश गरेको छ। व्यास नगरपालिका-१ भादगाउँस्थित निर्मल माविको खेलमैदानमा आज सम्पन्न खेलमा वाराही आवासीय मावि‌लाई पराजित गर्दै सत्यवती फाइनलमा प्रवेश गरेको हो ।

सत्यवती ४-० गोल अन्तरले विजयी हुँदै फाइनलमा प्रवेश गरेको हो । सत्यवतीका तर्फबाट झरना राईले तीन र उमिता राईले एक गोल गर्नुभएको थियो। छात्रातर्फ चार विद्यालयको सहभागिता रहेको छ । बिहीबारदेखि सुरु प्रतियोगिताअन्तर्गत छात्रतर्फ सत्यवती मावि, बाराही आवासीय मावि र महेन्द्रज्योति मावि विजयी भएको छ । सत्यवती मावि र पराशर कलेजबीच भएको खेलमा सत्यवती ६-१ ले विजयी भएको व्यवस्थापन विद्यालय निर्मल माविका प्रधानाध्यापक गणेशचन्द्र बस्नेतले जानकारी दिनुभयो ।

बाराही आवासीय मावि र शिव पञ्चायन माविबीच भएको दोस्रो खेलमा बाराही ३-१ र महेन्द्रज्योति र क्यामिन माविबीच भएको तेस्रो खेलमा महेन्द्रज्योति १-० ले विजयी भएको छ । विद्यालयस्तरदेखि नै विद्यार्थीमा खेलप्रतिको रुचि बढाउने उद्देश्यसहित नगरपालिकाले विगत वर्षदेखि मेयर तथा उपमेयर फुटबल प्रतियोगिता गर्दै आइरहेको छ। प्रतियोगितामा छात्रतर्फ १४ र छात्रातर्फ चार विद्यालयको सहभागिता रहेको शिक्षा तथा सामाजिक विकास शाखाप्रमुख उपसचिव नगेन्द्रप्रसाद रेग्मीले जानकारी दिनुभयो ।

प्रतियोगितामा प्रथम हुनेलाई रु ३० हजार, द्वितीय हुनेलाई रु २० हजार र तृतीय हुनेलाई रु १० हजार नगदका साथै ट्रफी प्रदान गरिनेछ।

# नेपाल युएईसँग पराजित

**रासस**
**काठमाडौं, ४ चैत**

आइसीसी विश्वकप क्रिकेट लिग दुईअन्तर्गत त्रिकोणात्मक एक दिवसीय सिरिजको दोस्रो खेलमा नेपाल संयुक्त अरब इमिरेट्स (युएई) सँग पराजित भएको छ।

दुबई इन्टरनेशल क्रिकेट स्टेडियममा शुक्रबार भएको खेलमा नेपाल आयोजक युएइसँग ४८ रनले पराजित भएको हो। युएईले दिएको १६९ रनको विजयी लक्ष्य पछ्याएको नेपाल ३५ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै १२० रनमा समेटियो।

नेपालका लागि रोहित पौडेलले सर्वाधिक ४६ रन बनाए । साठी बल खेलेका उनले ४ चौकाको मद्दतमा ४६ रन बनाएका हुन् । त्यसैगरी ज्ञानेन्द्र मल्लले २८ रन बनाए भने कुशल भुर्तेलले ११ रन जोडे। करन केसी ६, आसिफ शेख ७, दीपेन्द्रसिंह ऐरी ४, सोमपाल कामी ६, सन्दीप लामिछाने ७ रन बनाउँदा आरिफ शेख र कमल सिंह ऐरी शून्यमा आउट भए । युएईको बसिल हमिद एक्लैले ४ विकेट लिए भने जुनेद सिद्दिकीले ३ विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएईले ४६ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै १६८ रन बनाएको थियो।

युएईका रिजवान सिपी र रोहन मुस्तफाले समान ४०/४० रन बनाए । ओपनर मुहमद वसिमले २१ रन जोड्दा कासिफ दाउदले १८, बसिल हमिदले १४ तथा अहमेद राजाले १३ रन बनाए । युएईलाई सस्तैमा समेट्ने क्रममा नेपालका सोमपाल कामीले ४ विकेट लिए भने करण केसीले ३ विकेट झारे । सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी र सागर ढकालले समान १/१ विकेट लिए।

यसअघि बुधबार भएको पहिलो खेलमा नेपालले पपुवा न्यूगिनीलाई २ विकेटले हराएको थियो। अब नेपालले आफ्नो तेस्रो खेलमा युएईविरुद्ध नै सोमबार प्रतिस्पर्धा गर्नेछ।

# नेपाल र अफ्रिकी मुलुक सिसेल्सबीच श्रम सम्झौता

**रासस**
**काठमाडौं, ४ चैत**

नेपाल र पूर्वी अफ्रिकी मुलुक सिसेल्सबीच द्विपक्षीय श्रम सम्झौता गर्ने सहमति भएको छ।

गणतन्त्र सिसेल्सको भ्रमणमा रहनुभएका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठसँग गणतन्त्र सिसेल्सका रोजगार तथा सामाजिक मामिलामन्त्री प्याट्रिका फ्यानकोट र आन्तरिक मामिलामन्त्री इरोल फोन्स्काले गर्नुभएको द्विपक्षीय भेटवार्तामा दुई मुलुकबीच श्रम सम्झौता गर्ने सहमति भएको हो।

रोजगार तथा सामाजिक मामिलामन्त्री फ्यानकोटसँगको भेटवार्तामा एक महिनाभित्र द्विपक्षीय श्रम सम्झौतालाई टुङ्गोमा पुर्‍याउन संयुक्त कार्यदल गठन गर्ने सहमति भएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ । वैदेशिक रोजगारीका लागि नेपाली कामदार लैजान सिसेल्सबाट यसअघि प्राप्त भएको द्विपक्षीय श्रम सम्झौताको प्रस्तावका लागि मन्त्री श्रेष्ठले धन्यवाद दिँदै सिसेल्ससँग द्विपक्षीय श्रम सम्झौता गर्न नेपाल तयार रहेको बताउनुभएको थियो। न्यूनतम योग्यता, भाषागत क्षमता, न्यूनतम पारिश्रमिकलगायत सेवा सुविधा, कामदार छनोट र स्वदेश फिर्तीलगायत विषयमा संयुक्त कार्यदलले तयारी गर्ने बताइएको छ । कार्यदलमा नेपालको तर्फबाट मन्त्रालयका उपसचिव डा थानेश्वर भुसालले नेतृत्व गर्नुहुनेछ। अहिले एक हजार २५० भन्दा धेरै नेपाली सिसेल्समा रोजगारीको क्रममा रहेको बताउँदै मन्त्री फ्यानकोटले सिसेल्स सरकार द्विपक्षीय श्रम सम्झौता गरेरै नेपालीलाई ल्याउन इच्छुक रहेको बताउनुभएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ । सिसेल्समा अहिले सुरक्षागार्डका रुपमा धेरै नेपाली कार्यरत छन्। यसबाहेक होटल तथा पर्यटन क्षेत्रमा पनि केही नेपाली कार्यरत छन्।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/०५ गते शनिबार**

**गण्डकी प्रदेश पोखरा महानगरपालिका वार्ड नं. १६ दिप स्थित कि. नं. २८ को क्षेत्रफल १११९.६० ब. मी. को जग्गालाई बाटोको लेवलमा समथर गराई कृषि प्रयोजन कार्य गर्नका लागि तयार गरिने संक्षिप्त वातावरणीय प्रतिवेदन तयार गर्नका लागि मिति २०७८/१२/०७ गते बिहान ८:३० बजे हुने सार्वजनिक सुनुवाई कार्यक्रममा सरोकारवालाहरुको उपस्थितिको लागि यो सूचना प्रकशित गरिएको छ।**